(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

विराटनगर महानगरपालिका

# स्थानीय राजपत्र

खण्ड: ३ संख्या: ०४ मिति: २०७७/०९/०६

भाग-२

विराटनगर महानगरपालिका

नगर कार्यपालिकाको स्वीकृतिबाट जारी

## "विराटनगर प्रसुति एम्बुलेन्स सेवा निर्देशिका, २०७७

# विराटनगर प्रसुती एम्बुलेन्स सेवा निर्देशिका २०७७

**प्रस्तावना :**

संस्थागत सुत्केरीमा वृद्धि गर्न तथा सुत्केरीको कारणले हुने मातृ तथा नवजात शिशु मृत्युदरमा कम गर्न सुत्केरी हुन लागेका गर्भवती आमाहरुको एम्बुलेन्स सेवामा सहज तरिकाले पहुँच बढाई सेवाको गुणस्तर वृद्धि गर्न बिराटनगर महानगरपालिकाले देहायको निर्देशिका जारी गरेको छ ।

बिराटनगर महानगरपालिकाको आ.व.०७७/०७८ को स्वास्थ्यको स्वीकृत वार्षिक कार्यक्रमअनुसार सुरक्षित आमा कार्यक्रम अर्न्तगत गर्भवती जाच तथा संस्थागत सुत्केरीमा वृद्धि गर्ने कार्यक्रम रहेको छ । यसै सन्दर्भमा महानगरपालिकाभित्रका गर्भवती आमाहरुले सस्थागत सुत्केरी गराउन चाहेमा बिराटनगर महानगरपालिकाद्धारा स्वास्थ्य संस्थासंग जान एकतर्फी नि:शुल्क एम्बुलेन्स सेवा प्रदान गर्नेछ । एम्बुलेन्स सेवाको लागि दुरसंन्चारसंग समन्वय गरी आम जनसमुदायलाई सम्झिन सजिलो हुनेगरीको सम्पर्क नम्बर लिई सो नम्वरको बारेमा ब्यापक प्रचार प्रसार गरीने छ ।

**उद्देश्य:**

- संस्थागत सुत्केरीको प्रतिशतमा वृद्धि गर्ने ।
- मातृ तथा नवजात शिशु मृत्युदर कम गर्ने ।
- PNC पहिलो VISIT मा वृद्धि गर्ने ।
- महानगरपालिका तथा स्वास्थ्य संस्थाप्रति आम समुदायको विश्वास बढाउने ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

- यस निर्देशिकाको नाम "विराटनगर प्रसुती एम्बुलेन्स सेवा निर्देशिका २०७७" रहेको छ ।
- यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा:**

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) **"एम्बुलेन्स"** भन्नाले बिरामी ओसारपसार गर्न स्वीकृत प्राप्त गरेको बाहन सम्झनु पर्छ ।

(ख) **"चालक"** भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ ।

(ग) **"समिति"** भन्नाले यस निर्देशिका बमोजिम गठन भएको प्रसुती एम्बुलेन्स सेवा संचालन समिति सम्झनु पर्छ ।

(घ) **"प्रसुती सेवा"** भन्नाले गर्भवती आमालाई बच्चा जन्माउनको लागि चाहिने सेवा सम्झनु पर्छ

Scanned with CamScanner

विराटनगर प्रसुती एम्बुलेन्स सेवा संचालन समिति देहाय बमोजिमको हुनेछः

- नगर प्रमुख, विराटनगर महानगरपालिका - संरक्षक
- नगर उप-प्रमुख, विराटनगर महानगरपालिका - संयोजक
- प्रमुख प्रशासकीय अधिकृत, वि.म.न.पा. नगर कार्यपालिकाको कार्यालय - सह-संयोजक
- सामान्य प्रशासन महाशाखा प्रमुख, वि.म.न.पा. नगर कार्यपालिकाको कार्यालय - सदस्य
- सामाजिक विकास महाशाखा प्रमुख, वि.म.न.पा. नगर कार्यपालिकाको कार्यालय - सदस्य
- जनस्वास्थ्य महाशाखा प्रमुख/स्वास्थ्य संयोजक, वि.म.न.पा. नगर कार्यपालिकाको कार्यालय - सदस्य
- नगर प्रहरी निरीक्षक, वि.म.न.पा. नगर कार्यपालिकाको कार्यालय - सदस्य
- नर्सिग अधिकृत (कार्यालयले तोकेको), वि.म.न.पा. नगर कार्यपालिकाको कार्यालय - सदस्य सचिव

## ३. एम्बुलेन्स सेवा संचालन समितिको काम कर्तव्य र अधिकार

- एम्बुलेन्सको सुरक्षीत पहँचबारे चालक र स्थानिय जनप्रतिनिधीहरुलाई जानकारी गराउनु पर्ने छ ।
- एम्बुलेन्स सेवा संचालनमा ल्याउदा ध्यान दिनुपर्ने कुराहरु कार्यन्यवनमा ल्याउने ।
- एम्बुलेन्स सेवा संचालनको अनुगमन, नियमन तथा कार्यन्वयन गर्ने गराउने ।
- एम्बुलेन्स भाडाको विषयमा आवश्यकता अनुसार निर्णय गर्ने।
- स्थानिय निकायमा एम्बुलेन्स आफै वा कुनै स्थानिय स्वास्थ्य चौकी तथा अन्य सस्थालाई दिएर एम्बुलेन्स सेवा संचालनमा ल्याउने ।
- आवश्यक्ता अनुसार बैठक बसी एम्बुलेन्स सेवा संचालन सम्वन्धी निर्णयहरु गर्ने ।
- बार्षिक प्रगती तथा आयव्यय कार्यपालिकामा पेश गर्ने ।

## ४. एम्बुलेन्स सेवा संचालनमा ल्याउँदा ध्यान दिनुपर्ने कुराहरु

- एम्बुलेन्सको अगाडि पछाडी टाढैबाट देखिने गरी ठूला ठूला अक्षरमा "एम्बुलेन्स"शब्द लेखिने छ ।
- एम्बुलेन्समा साईरन, ईमरजन्सी वती, स्टेचरका साथै वर्ग अनुसार आवश्यक औजार राखिने छ ।
- एम्बुलेन्सलाई प्रसुती सेवाबाहेक अन्य प्रयोजनमा प्रयोग गरिने छैन ।
- प्रसुतीको लागि गर्भवती आमाको घरदेखि बिराटनगरको जुनसुकै अस्पताल सम्मको भाडा पूर्ण रुपमा नि:शुल्क हुने छ ।
- एम्बुलेन्समा सवार चालक, जनशक्ति तथा बिरामीको बिमा गर्नु पर्ने छ ।
- एम्बुलेन्स सेवा संचालन गर्दा लगबुक राख्नुका साथै सेवा प्रदान गरिएका बिरामीहरुको अभिलेख राखी मासिक रुपमा सदस्य सचिवलाई बुझाउनु पर्ने छ ।

## ५. एम्बुलेन्स चालकको देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ ।

- रीतपुर्वक सवारी चालक प्रमाणपत्र लिएको ।
- सवारी चालकको रुपमा न्युनतम पाँच वर्षको अनुभवप्राप्त गरेको ।
- पच्चीस वर्ष उमेरा पुरा भएको ।
- राष्ट्रिय आकस्मिक उपचार समन्व्य समितिले तोके बमोजिमको प्राथमिक उपचारको तालिम प्राप्त गरेको ।
- एम्बुलेन्स चालकले प्रत्येक वर्ष स्वास्थ्य परिक्षण गराउनु पर्नेछ ।
- एम्बुलेन्स प्रयोग गर्दा बिरामी पक्षले गर्न हुने र नहुने कुराहरुको जानकारीमूलक सूचना गाडीको भित्री भागमा देखिने गरी राख्नु पर्नेछ ।

## ६. एम्बुलेन्स चालकको काम कर्तब्य र अधिकार

- प्रचलित कानुनमा उल्लेख भए बमोजिमको शर्तहरु पालना गरी समितिको समन्व्यमा एम्बुलेन्स सेवा सन्चालन गर्नुपर्ने ।
- प्रसुति सेवाको लागि मात्र एम्बुलेन्स प्रयोग गर्ने र सो सेवा पुर्ण रुपमा निःशुल्क गर्ने ।
- विराटनगर प्रसुती एम्बुलेन्स सेवा, टेलिफोन नम्बर, निःशुल्क आदि सबैले देख्ने ठाउमा टाँस गर्नुपर्ने ।
- गर्भवती महिलालाई निजको घरदेखि सुत्केरी गराउने अस्पताल सम्ममात्र एम्बुलेन्सको प्रयोग गर्ने ।
- कुनै पनि वहानामा एम्बुलेन्स सेवाबाट कुनै पनि गर्भवती महिलालाई बन्चित गर्न नहुने ।
- एम्बुलेन्स चौबिसै घण्टा सेवा प्रदान गर्ने हालतमा राख्नुपर्ने ।
- समितिले समय समयमा दिएका निर्देशन पालना गर्नुपर्ने ।
- चालकले लग बुक भर्नुका साथै अनिवार्य रुपमा सेवा दिएको सेवाग्राहीको विवरण जनस्वास्थ्य महाशाखामा तोकिएको कर्मचारीलाई बुझाउनु पर्नेछ ।

## ७. नगर कार्यपालिकाबाट एम्बुलेन्स सम्बन्धी घोषणा

- विराटनगर महानगरपालिकाभित्र वसोबास गरेको जोसुकै गर्भवती महिलालाई मात्र यस नगरपालिकाभित्र रहेका प्रसुती गराउने अस्पतालहरुमा प्रसुति गर्न ल्याइएमा निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराईने छ ।
- यो सुविधा घर देखि अस्पताल सम्म पूर्याउनका लागि एकतर्फी मात्र उपलब्ध गराईने छ ।

## ८.चालकको सेवा सुबिधाहरु

- मासिक तलब तथा भत्ता विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयले तोके अनुसार हुनेछ ।
- २४ घण्टै सेवा प्रदान गर्नु पर्ने छ ।
- मोबाइल २४ घण्टा नै लाग्नु पर्ने बनाउनुपर्नेछ ।